सर्वोच्च अदालत संवैधानिक ईजलासमा पेश गरेको

संक्षिप्त बहस नोट

रिट नं ०७२-Ws-०००८

विषय :- संक्षिप्त बहस नोट पेश गरेको सम्वन्धमा ।

| | |
|---|---|
| कपिलबस्तु जिल्ला, बुढ्ढी गा.वि.स. वडा नं. २ स्थाइ घर भै हाल रूपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा.न. ३, (साविक ५) ज्योतिनगर बस्ने भिमलालको नाति, भक्ति प्रसादको छोरा बर्ष ५५ को गोविन्द बेल्वासेको तर्फबाट<br>बरिष्ठअधिवक्ताडा.चन्द्रकान्तज्ञवाली ........................................१<br>बरिष्ठ अधिवक्ता मातृका निरौला........................................१ | बहसनोट प्रस्तुतकर्ता |

विरूध्द

| | |
|---|---|
| सम्माननीय प्रधान मन्त्रीज्यू, प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरवार, काठमाण्डौ ........................................ १<br>सम्माननीय सभामुखज्यू व्यवस्थापिका संसद सचिवालय सिंहदरवार काठमाण्डौ..........१<br>माननीय मन्त्रीज्यू कानुन न्याय संसदिय व्यवस्था मन्त्रालय सिंहदरबार काठमाण्डौ ...१ | प्रत्यर्थी |

सर्वोच्च अदालत संवैधानिक इजलाशको मिति २०७५।२।१८ मा भएको आदेश अनुसार उल्लेखित रिट निवेदनमा निम्न लिखीत जटिल संवैधानिक तथा कानुनी प्रश्न उठेकोले उक्त विचारणीय प्रश्नमा न्यायिक निरुपणको लागि निम्न बमोजिम संक्षिप्त बहस नोट (Precise Note) प्रस्तुत गर्दछौ ।

(१) नेपालको संविधानको धारा १, १०, ११(२),४५ र ३०४ संग नेपाल नागरिकता ऐन २०६३ को दफा १०, वाझिएको छ वा छैन ?

२) नेपालको संविधानको धारा १४ ले गैर आवासीय नागरिकता दिन सकिनेसम्म व्यवस्थाले राजनितिक अधिकार वाहेक दोहोरो नागरिकताको संवैधानिक प्रत्याभुति हो वा होईन ?

३) नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता लिन पाउने गरी नेपालको संविधानले द्वैध नागरिकताको अवधारणालाई मान्यता दिएको छ वा छैन ?

(४) निवेदकलाई रिट निवेदनमा माग गरेबमोजिम रिट जारी हुनपर्ने संवैधानिक एवं कानुनी प्रश्नको विद्यमानता छ भनि रिट निवेदन गर्ने सक्षम हकदैया (Competent Locus Standi ) छ वा छैन ?

५) नागरिकताको सन्दर्भमा विश्वका विभिन्न मुलुकका सर्वोच्च अदालतवाट भएका ब्याख्या के कस्तो रहेको छ ?

६):- नागरिकता हरण गर्ने कुर सजाय संविधानले निषेध गरेको छ कि छैन ?

७):- कस्तो अवस्थामा नागरिकले आफूखुसी नागरिकता परित्याग गरेको हुन्छ र प्रमाणको भार कसमा हुन्छ ?

उपरोक्त बिचारणिय प्रश्न नं १ को न्यायिक निरुपणका सम्वन्धमा निम्न लिखित संक्षिप्त बहस नोट प्रस्तुत गर्दछौं ।

१) क) प्रश्न नं. १ को सन्दर्भमा हेर्दा: नागरिकता प्रत्येक नागरिकहरुको लागि पहिलो संवैधानिक अधिकार हो । त्यसपछि कानुनी अधिकार पनि हो । यसको अर्को पाटो राजनितिक र कुटनितिक अधिकार पनि मीनन्छ । तर अझ अगाडि गएर भन्नेहो भने नागरिकता आफैमा  एक राजनीतिक अवधारणा हो । राष्ट्र र त्यस देशका बासिन्दा बीचको राजनीतिक सम्बन्धलाई नागरिकताले परिभाषित गर्दछ। सामान्य अर्थमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ। स्थायी जनसंख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यको पूर्वशर्त हो ।

नागरिकता राज्यको निरपेक्ष आन्तरिक मामिलाको रूपमा रहेको र विभिन्न देशहरूले आ-आफ्नै रूपमा यसको अभ्यास गरिरहेको भए तापनि मूलत: वंशज, जन्म र अङ्गीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ। कतिपय देशहरूले एकल नागरिकता, कतिपयले बहु नागरिकता र कतिपयले केही सीमाको अधीनमा रही बहु नागरिकता प्रणाली अवलम्बन गरेको पाइन्छ। राष्ट्रियतालाई व्यक्तिको मानव अधिकारको रूपमा आत्मसात गरेको पाइन्छ [1].

नागरिकता राष्ट्रिय कानूनको विषय हो। नागरिकता राज्य र यसका नागरिकका बीचको राजनीतिक सम्बन्ध हो । बालक जन्मनासाथ बालबालिकालाई दर्ता गरिने, नाम राख्न पाउने, राष्ट्रियताको अधिकार हुने व्यवस्था गरेको छ। पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई राष्ट्रविहिन हुन नदिन अन्तर्राष्ट्रिय दायित्व बमोजिम बालबालिकाका यी अधिकार आ-आफ्नो राष्ट्रिय कानून मार्फत कार्यान्वयन गर्ने सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ [2]।
नागरिकता प्राप्तिको लागि बिश्वमा दुई किसिमका मानिसहरु हुन्छन १) नागरिक २) गैरनागरिक नागरिकले देशको सम्पुर्ण मौलिक हकहरु र राजनितिक अधिकारहरुको उपभोग गर्न पाउछन । बिदेशिले राजनितिक अधिकार प्रयोग गर्न पाउदैनन। नागरिकताको प्राप्ति मुख्यत १) जन्म २) बँशज ३) रजिस्ट्रेशन ४) अंगिकरण ५) क्षेत्रबिलय ६) पुनस्थापना आदि । वंशको आधार (Jus Sanguinis) वंशको आधारमा नागरिकताको प्राप्ति विश्वको एक प्राचीन अवधारणा हो। नागरिकता प्राप्ति सम्बन्धी वंशको अवधारणालाई *Jus Sanguinis* (right of blood) अर्थात रगतको अधिकार वा वंशजको अधिकार पनि भन्ने गरिन्छ। नागरिकताको *Jus Sanguinis* अर्थात रगतको अधिकारको सिद्धान्तलाई सन् २००० अघि

[1] अमेरिकी अभिसन्धि १९६९ को धारा २० र राष्ट्रियता सम्बन्धी यूरोपेली महासन्धि, १९९७ को धारा ४, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा ९,

[2] बाल अधिकार महासन्धि, १९८९ को धारा ७

जर्मनीले अवलम्बन गरेको पाइन्छ। अभिभावकको नागरिकताको आधारमा तिनका सन्तानलाई नागरिकता प्रदान गर्ने मान्यतालाई यस अवधारणाले समेट्छ। बुल्गेरिया, चीन, क्रोएशिया, इटोनिया, फिनल्याण्ड, जर्मनी, ग्रीस, हङ्गेरी, आइसल्याण्ड, भारत, आयरल्याण्ड, इजरायल, इटाली, जापान, लेवनान, पोल्याण्ड, रुमानिया, रुस, रुवाण्डा, सर्बिया, स्लोभाकिया, दक्षिण कोरिया, स्पेन, टर्की र युक्रेन लगायतका देशहरूमा मुख्य रूपमा रगतको अधिकारको *(Jus Sanguinis)* सिद्धान्त अपनाएको पाइन्छ।

जन्मसिद्ध आधार (Jus soli) नागरिकता सम्बन्धी *Jus soli* को मान्यता व्यक्ति जुन देशमा जन्मेको छ उसलाई सोही देशको नागरिक मानिनु पर्दछ भन्ने हो। यस सिद्धान्तलाई (right of soil) अर्थात जन्मभूमिको अधिकार वा जन्मको अधिकार पनि भनिन्छ। नागरिकता सम्बन्धी यो अवधारणा फ्रान्सेली अवधारणाको रूपमा रहेको छ। अङ्गिकरणको आधार (Naturalization) अंगिकरणबाट राष्ट्रियता प्राप्त गर्ने ६ तरिका छन १) बिबाह २) बैधकरण ३) चयन ४) स्थायि बसोबास ५) सरकारि सेबामा नियुक्त ६) निबेदन आदि। विभिन्न मुलुकहरूले निश्चित योग्यता पुगेका विदेशीहरूलाई पनि कानूनको प्रकृया पुऱ्याई नागरिकता प्रदान गर्ने अभ्यास रहेको छ। त्यसलाई *Naturaliazation* अर्थात अङ्गिकरण पनि भन्ने गरिन्छ। अङ्गिकरण गरेर नागरिकता प्रदान गर्ने अभ्यास र प्रचलन प्राय सबै मुलुकहरूमा रहेको भए तापनि यसका आधारहरू सबै मुलुकमा एकै प्रकारको भएको पाइँदैन। छनौटको आधार विभिन्न मुलुकहरूले अपनाएको नागरिकता सम्बन्धी नीतिका कारण कतिपय अवस्थामा कुनै व्यक्तिलाई दुई देशको नागरिक बन्न सक्ने अवस्थाहरू पनि सिर्जना हुन सक्छन्। यस्तो अवस्थामा त्यस्ता व्यक्तिहरूलाई नागरिकता छनौट गर्नु पर्ने अवस्था आउँछ।

यसरी एक भन्दा बढी मुलुकको नागरिकता प्राप्त गर्न सक्ने अवस्थाका व्यक्तिले छनौट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनौटको आधार भनिन्छ। भौगोलिक क्षेत्रको प्राप्तिको आधार: कुनै मुलुकमा गाभिने गरी कुनै भूभाग प्राप्त भएमा सो भूभागमा बस्ने बासिन्दाहरूलाई उक्त भूभाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्दछ। दोहोरो नागरिकताको आधार: नेपाल, भारत जस्ता मुलुकहरूले आफ्नो देशको नागरिकले अर्को देशको नागरिकता प्राप्त गरेमा त्यस्तो व्यक्तिको नागरिकता समाप्त हुने व्यवस्था गरेका छन्। प्रवासीको आधार : युद्ध, औपनिवेशीकरण, विज्ञान र प्रविधिको विकास, आर्थिक उदारीकरण, विश्वव्यापीकरण, अवसरको खोजी, बहुराष्ट्रिय कम्पनीहरूको विस्तार जस्ता विभिन्न कारणले विश्वको एक कुनाको व्यक्ति अर्को कुनामा बस्ने प्रवृत्ति बढ्दो रूपमा रहेको छ। [3]

नेपालको संबिधानको प्रस्तावना र धारा २ मा सार्बभौमसत्ता नेपाली जनतामा निहित हुने प्रष्ट ब्यवस्था गरिएको छ। राज्य सञ्चालनका लागि खडा गरिएका अँगहरुमध्ये ब्यवस्थापिका पनि एउटा अँग भएकोले नेपाली जनताले संविधानमा उल्लेख गरेर स्पष्ठ शब्दमा सुम्पिएको कार्यभार सम्पादन गर्नका लागि मात्र संविधानसंग नबाझिने गरी कानून बनाउने अधिकार ब्यवस्थापिकालाई छ। तर, संविधानमा स्पष्ठ शब्दबाट हस्तान्तरण गरिएको अधिकारभन्दा कत्ति पनि बढि हुने गरी कानून बनाउने अधिकार ब्यवस्थापिकालाई हुँदैन। त्यसैले सार्वभौमसत्ता नागरिकमा निहित रहेको विषय विवाद रहित छ।

संबिधान बमोजिम सार्वभौमसत्ता जनतामा रहनुको साथै यो प्रावधानलाई संशोधन समेत गर्न नपाउने ब्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २७४ (१) ले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने ब्यवस्थाले सम्प्रभूको गुमस्ता अदालतबाट लागु गरिएको कानून हो"[4] भन्ने अस्टिनको

[3] उहि पृष्ठ, २७ देखि ३४

[4] "the command of the sovereign, backed up by sanctions." http://legaltheoryandjurisprudence.blogspot.co.uk/2008/05/command-theory-of-law-brief-summary-and.html

विचारलाई आधार मान्दा सम्प्रभू (नागरिकले) देशनिकाला गर्ने कानून बनाउन नपाउने दायरा[5] व्यवस्थापिकालाई तोकेकोले नागरिकता ऐन २०६३ को दफा १० संविधानको भावना विरुद्ध हुन्छ । गुमस्ता र सजायको विषयमा एच.एल.ए. हार्टको विवेचनालाई विचार गर्दा पनि नागरिकमा अन्तर्निहित सम्प्रभूसत्ता नागरिककै आदेश वेगर सजायको रुपमा लागु हुन सक्दैन ।

नेपालको संविधानले कुनै पनि नेपालको नागरिकलाई नागरिकता प्राप्त गर्ने[6] गरी सुनिश्चितता गरेको छ । तीन तहका सरकार मध्ये प्रादेशिक पहिचानसहितको ब्यवस्था मिलाएको देखिन्छ । संघीय राज्य व्यवस्थामा संघीय सरकारले, राज्य सरकारले वा संघीय सरकार र राज्य सरकार दुवैले नागरिकता प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । भविष्यमा नागरिकता सम्बन्धमा जटिलताहरू आउन नदिन, सबै नागरिकहरूलाई नेपालको नागरिकको रुपमा समान अधिकार र कर्तव्य सुनिश्चित गर्न तथा प्रशासनिक सुगमता समेतको लागि नेपालमा एकल नागरिकता प्रणाली अन्तर्गत संघीय सरकारले आफैं वा प्रादेशिक संरचनामार्फत प्रदान गर्ने एकल नागरिकता हुने गरी यसप्रकारको व्यवस्था गरिएको थियो ।[7] तर २०७० सालको दोस्रो संविधानसभाले निर्माण गरेको नेपालको संविधानले भने प्रादेशिक पहिचान समेतलाई उल्लेख गरेको पाईन्छ। यसको अर्थ प्रादेशिक सरकार र स्थानिय सरकारले उक्त नागरिकलाई चिन्न सकुन भन्ने नै हो । अर्कोतर्फ आफनो पहिचान कम्तिमा पनि प्रादेशिक सरकारको समेत हो भन्ने देखिन्छ।

नागरिकता ऐन २०६३ को दफा १० ले संविधानका अपरिवर्तनीय प्रावधानलाई दख्खल दिनु भनेको संविधानसंग बाझिनु हो । त्यसैले दफा १० का सम्बन्धमा संविधानको धारा १ लागु हुन्छ । त्यस्ता संविधानसंग बाझिएका पुराना ऐनहरुलाई संशोधन तथा खारेज गर्ने निश्चित समय तोकिएकोमा धारा ३०४ द्वारा निर्धारित समय सीमा समेत ब्यतित भैसकेको अवस्थामा धारा १ लागु गर्ने जिम्मेवारी श्री सवोच्च अदालतले पुरा गर्नु पर्ने हुन्छ । वर्तमान संविधानद्वारा निर्धारित समय संघीय (व्यवस्थापिका) संसदको पहिलो अधिवेशन बसेको मिति २०७२ असोज १५ गतेबाट एक वर्षपछि बाझिएको हदसम्म स्वत: अमान्य हुने प्रावधान रहेको छ । धारा २९६(३) (३) मा "यस संविधान बमोजिम संघीय संसदले सम्पादन गर्नु पर्ने काम यस संविधान बमोजिम प्रतिनिधि सभाको निर्वाचन नभएसम्म उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले गर्नेछ ।" भन्ने ब्यवस्था गरिएको छ ।

नेपाल नागरिकता ऐन २०६३ कुनै संविधान अन्तर्गत बनेको कानून होइन । उक्त ऐन केवल संक्रमणकालका समयमा अल्पकालीन ब्यवस्थापनका लागि निर्माण भएको प्रावधान मात्र थियो । उक्त ऐन कुनै संविधानले प्रदान गरेको अधिकार प्रयोग गरेर बनाइएको पनि होइन । यस विषयको पुष्टि उक्त ऐनको प्रस्तावनाबाट नै हुन्छ । संविधानले अधिकार प्रदान नगरी बनेका यस्ता ऐनहरुलाई आवस्यकता अनुसार समायोजन गर्न संविधानको धारा ३०४ ले संसदलाई निश्चित समयावधि समेत तोकेको छ । उक्त प्रावधानबाट संविधान जारी हुनुभन्दा पहिलेका कानुन बर्तमान संविधानले प्रदान गरेको ब्यवस्थापिकीय अधिकारको सीमा नाघेर बनेको हदसम्मका कानुन कायम हुन सक्दैनन् र बदर हुन्छन् । संविधानले ब्यवस्था गरेको जनतामा निहित सार्वभौमसत्ता खोस्ने अधिकार ब्यवस्थापिकालाई हुन सक्दैन । त्यसैले नागरिकता ऐनको दफा १० अधिकार नै नभएको निकायबाट बनेको छ । उक्त दफामा उल्लेखित प्रावधान बनाउने अधिकार बर्तमान संविधान अन्तर्गत रहेका कुनै पनि निकायमा हुँदैन र छैन ।

---

[5] संविधानको धारा ४५. देश निकाला विरुद्धको हक : कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

[6] नेपालको संविधान धारा १०

[7] संविधानसभा , मौलिक हक तथा निर्देशक समितिको प्रतिवेदन,२०६४ पृष्ठ १

धारा ३ र ४ ले भूभागमा सिमित नेपाल राज्य र भूभागमा सिमित नरहेको राष्ट्र तथा राष्ट्रबादलाई छुट्याएर परिभाषा गरेको छ । धारा ३ ले नेपालको भूभाग भन्दा अन्यत्र बसोवास गर्ने नेपाली मुलका व्यक्तिलाई पनि राष्ट्रको परिभाषा भित्र समेट्दै व्यापक राष्ट्रियताको भावना बोकेको छ । त्यस्तो ब्यापक राष्ट्रिय भावना भित्र (क) नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति अर्को देशको नागरिकता लिइ वा नलिइ अन्य मुलुकमा बसोवास गरेको र (ख) नेपाली नागरिकको संतति रहेका व्यक्तिहरुलाई सुविधा स्वरुप गैर आवासीय नागरिकता दिने व्यवस्था गरेको पाईन्छ । धारा ११(२)मा वंशजका आधारले नेपालको नागरिकता प्राप्त गर्न नेपाली नागरिकको संतति हुनुको साथै नेपालमा स्थायी बसोबास गरेको हुनु पर्ने व्यवस्था छ । त्यस्ता नेपाली नागरिकले अर्को देशको नागरिकता लिएको खण्डमा दुई वा दुई भन्दा वढी देशको नागरिक हुन सक्ने ब्यवस्था गरिएको छ । तर नेपालको नागरिकता ग्रहण नगर्दै अर्को मुलुकको नागरिक रहेछ भने गैर आवासीय नागरिकता ग्रहण गर्न सक्ने प्रावधान संविधानमा रहेको पाईन्छ ।

स्मरणीय कुरा के छ भने नेपालको नागरिकता स्वं नागरिकले स्वईच्छाले परित्याग गर्न चाहेमा संविधानले रोक भने लगाएको छैन । यस अर्थमा अन्य कुनै मुलुकको नागरिकता लिन उक्त मुलुकको कानून अनुसार नेपालको नागरिकता परित्याग गर्न पर्ने रहेछ भने त्यस्ता ब्यक्तिले नेपालको नागरिकता परित्याग गरी त्यस्तो देशको नागरिकता लिएको खण्डमा गैरआवासीय नागरिकता प्रदान गर्ने ब्यवस्था संविधानले गरेको छ । त्यसै गरी नागरिकता दिँदा नेपालको नागरिकता परित्याग नगरे पनि हुने कानूनी ब्यवस्था रहेको मुलुकको नागरिकता लिँदा नेपालको नागरिकता परित्याग गर्न नपर्ने ब्यवस्था संबिधानका शब्द, भावना र मर्मबाट स्पष्ट हुन्छ ।

गैर आवासीय नागरिकतालाई संविधानले अधिकार नभएर सुविधाको रुपमा मात्र व्यवस्था गरेको पाईन्छ । नागरिकहरु बीच विभेद गर्न नपाईने कानुनको शासनको आधारभुत सिद्धान्तलाई मध्यनजर गर्दा पनि शब्दमा नागरिकता भन्ने जोडिएता पनि गैर आवासीय नागरिकता प्राप्त गर्ने व्यक्ति नेपालको नागरिक ठहर्दैन । यस अर्थमा नेपालको नागरिकलाई अर्को देशको नागरिकता लिएर दोहोरो नागरिकता राख्न सक्ने अधिकार संविधानले प्रदान गरेको छ । संविधानसभाबाट नेपालको संविधान बनाउने क्रममा प्रस्तावित गरिएको नेपालको संविधान, २०७२ प्रारम्भिक मस्यौदाको धारा १८ मा गरिएको नागरिकता समाप्त हुने व्यवस्थालाई संविधान सभा भित्र छलफल गरेर हटाईएको प्रावधानबाट पनि नेपाली नागरिकलाई अर्को देशको नागरिकता लिन छुट दिने भावनालाई अंगिकार गरेको प्रष्ट नै छ । कानून ब्याख्याको नियम अनुसार पनि स्पष्ट रुपमा प्रस्ताव गरिएको प्रावधानलाई अन्तिम मस्यौदा हुँदा हटाउनुबाट संविधानसभाको अभिप्राय विदेशको नागरिकता लिँदा नेपालको नागरिकता समाप्त नहुने ब्यवस्था गर्न खोजेको प्रष्ट हुन्छ ।[8] प्रस्तावित विधेयकमा अन्य देशको नागरिकता स्वईच्छाले ग्रहण गरेमा नेपालको

---

[8] Mischief rule of interpretation

This rule gives a judge more discretion than either the literal or the golden rule. This rule requires the court to look to what the law was before the statute was passed in order to discover what gap or mischief the statute was intended to cover. The court is then required to interpret the statute in such a way to ensure that the gap is covered. The rule is contained in *Heydon's Case* (1584), where it was said that for the true interpretation of a statute, four things have to be considered:

1. What was the common law before the making of the Act.
2. What was the mischief and defect for which the common law did not provide.
3. What remedy Parliament hath resolved and appointed to cure the disease of the Commonwealth.
4. The true reason of the remedy; and then the office of the Judges is to make such construction as shall suppress the mischief and advance the remedy.

This rule gives the court justification for going behind the actual wording of the statute in order to consider the problem that the particular statute was aimed at remedying. At one level it is clearly the most flexible rule of interpretation, but it is limited to using previous common law to determine what mischief the Act in question was designed to remedy. The case itself concerned a dispute about legislation passed under Henry VIII in 1540 and a legal action against Heydon for intruding into certain lands in the county of Devon.

An example of the use of the mischief rule is found in the case of *Corkery v Carpenter* (1951). In 1951 Shane Corkery was sentenced to one month's imprisonment for being drunk in charge of a bicycle in public. At about 2.45 p.m. on 18

नागरिकता बदर हुने धारा १८ को प्रस्तावित व्यवस्थालाई संविधान सभाले अस्वीकार गर्नुबाट संविधान सभाले दोहोरो नागरिकता सम्बन्धी व्यवस्थागर्न खोजेको प्रष्ट छ ।

२) ख) प्रश्न नं. २ को सन्दर्भमा हेर्दा: धारा १४[9] मा ब्यवस्था गरिएको गैर आवासीय नागरिकता सम्बन्धी ब्यवस्थालाई मध्यनजर गर्दा पनि संबिधानसभाले बिदेशको नागरिकता लिँदा नेपाली नागरिकता बदर नहुने परिकल्पना गरेको पाइन्छ । नेपाली नागरिक विदेशमा बस्दा जन्मिएको सन्तानले यदि नेपाली नागरिकता ग्रहण नगरी विदेशी नागरिकता ग्रहण गरेको रहेछ र उसको वंशज तथा बाबु आमाले विदेशको नागरिकता ग्रहण गरेका रहेनछन् भने उक्त सन्तानलाई गैरआवासीय नागरिकता प्रदान गर्न व्यवधान हुने गरी धारा १४ को व्याख्या गर्नु न्यायसंगत हुदैन् । त्यसैले आफ्नो सन्तानलाइ गैरआवासीय नागरिकता दिलाउन बाबु आमाले विदेशको नागरिकता लिएको खण्डमा पनि नेपालको नागरिकता नगुम्ने अभिप्रायले धारा १४ लेखिएको पाइन्छ । सन्तानलाई नेपालको गैरआवासीय नागरिकता दिलाउने अभिप्रायले अन्य मुलुकको नागरिकता लिए बापतमा नेपालको नागरिकता बदर हुने ब्यवस्था गर्दा त नेपाली नागरिक भैराख्छु भने वापतमा सजाय दिएको अर्थ लाग्न जान्छ । विदेशीको सन्तानलाई गैरआवासीय नागरिकता दिने तर नेपालीका सन्तानलाई दिन नमिल्ने अर्थ लाग्ने गरी धारा १४ को ब्याख्या गर्न मिल्ने देखिँदैन ।

उदाहरण:- मानौ "ङ" बिदेशमा जन्मिएका उतैका नागरिक हुन । उनका बाबु र आमा नेपाली नागरिक "ग" र "घ" बिदेशमा बस्दा "ङ" जन्मिए तर "ग" र "घ" ले विदेशको नागरिकता लिएनन् । "ङ" का बाजे र बजै "क" र "ख" ले पनि बेदेशी नागरिकता नलिएको अवस्थामा "ङ" लाई गैरआबासीय नागरिकता प्राप्त गर्न नपाउने गरी धारा १४को ब्याख्या गर्नु संविधानसभाको मनसाय विपरित हुन्छ । यस अर्थमा "ङ"लाई गैर आबासीय नागरिकता दिलाउन "ग" ले विदेशी नागरिकता लिएको खण्डमा "ग"को नेपाली नागरिकता कायम नै रहन्छ भन्ने धारा १४ को मनसाय हो ।

त्यसैले नागरिकता ऐन २०६३ को दफा १० संबिधानको धारा १४ को भावनासँगै बाँफिएको प्रष्ट हुन्छ । धारा १४मा रहेको "साबिक"[10] भन्ने शब्दले पनि विदेशमा बसोबास गर्ने सन्ततिलाई गैर आवासीय नागरिकता दिलाउन नेपाली नागरिकले विदेशको नागरिकता ग्रहण गरेको अवस्थामा नेपाली नागरिकतालाई निरन्तरता दिएको अर्थ लाग्ने गरी संविधानसभाले लेखबद्ध पारेको छ । संविधानले सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको नागरिकतालाई निरन्तरता दिएको अवस्थामा ब्यवस्थापिकाले नागरिकता ऐनको दफा १० को माध्यमबाट ब्यैयक्तिक अधिकार हनन् गरेको हुनाले उक्त दफा १० बदरभागी (Ultra Vires) छ ।

३) ग) प्रश्न नं. ३ को सन्दर्भमा हेर्दा: दोहोरो नागरिकताको विषय राष्ट्रियता र अन्तर्राष्ट्रिय जगतसंगको सम्पर्क संबन्धी सरोकारको विषय हो । भूमण्डलीकरणसंगै नागरिकताको परिधिपनि परिवर्तित हुँदै

---

January 1950, the defendant was drunk and was pushing his pedal bicycle along Broad Street in Ilfracombe. He was subsequently charged under section 12 of the Licensing Act 1872 with being drunk in charge of a carriage. The 1872 Act made no actual reference to bicycles. The court elected to use the mischief rule to decide the matter. The purpose of the Act was to prevent people from using any form of transport on a public highway whilst in a state of intoxication. The bicycle was clearly a form of transport and therefore the user was correctly charged.

[9] धारा १४. गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने : विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ ।

[10] नेपाली बृहत् शब्दकोश (पुनर्मुद्रित संशोधित-परिवर्द्धित पाचौँ संस्करण वि. स. २०५८ Isbn: 9993-71-10-6 पृष्ठ- १२६३, "साबिक" २. पहिलेदेखि चल्दै आएको, सनातन, ~ ऐन- ना० १ कायम भइरहेको ऐन, चालू ऐन

गएको पाइन्छ । सन् १९३० को हेग कन्भेन्सन (Hegue Convention on Conflict of Nationality Laws) सम्म नागरिकहरु रैती मानिन्थे । त्यसबेला नेपालमा त राणाहरुको रजाई थियो । सन् १९४८ को मानव अधिकारसंबन्धी विश्वब्यापी घोषणापत्र[11] (The Universal Declaration of Human Rights 1948) द्वारा रैतीहरुलाई जनता तथा नागरिकको मान्यताको हकदार ठहऱ्याउन संयूक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरु सहमत भए । त्यसले जनतालाई सम्प्रभूसत्तासम्पन्न नागरिकका रुपमा ब्यवहार गर्ने ढोका खोल्यो । सन् १९५५, डिसेम्बर १४देखि संयूक्तराष्ट्रसंघको सदस्य बनेपछि नेपाल[12]ले पनि मानवअधिकार संबन्धी  विश्वब्यापी घोषणपत्रका प्रावधानलाई ब्यवहारमा लागु गर्ने जिम्मेवारी बोकेको छ । तर, नेपाल अधिराज्यको संविधान २०१९ सम्म पनि सम्प्रभूसत्ताको स्रोत राजतन्त्रलाइ मानेको पाइन्छ र अन्यत्र देशको नागरिकता लिएको अवस्थाको विषयमा अझैपनि त्यही धङ्धडीबाकी राख्नखोजेको विपक्षीहरुको लिखित जवाफमा देखिन्छ । तर, वर्तमान संविधानले नागरिकलाई सार्वभौमसत्तासम्पन्न घोषित गरिसकेको अवस्थामा पञ्चायती ब्यवस्था अनुरुपको अवधारणा कायम गर्दा संविधानको भावनामाथि कुठाराघात हुनजान्छ ।

सन् १९४८ पछिको नागरिकतासंबन्धमा विश्वले अंगिकार गरेको कनूनको शासनको सन्धर्वलाइ प्रष्ट पार्न बेलायतको उदाहरण लिन सकिन्छ । The British Nationality Act of 1948 ले त्यसअघिसम्म रहेको 'अन्य मुलुकको नागरिकता ग्रहण गरेमा बेलायती नागरिकता रद्द हुने'[13] प्रावधानलाई खारेज गऱ्यो । त्यसका ठाउँमा बेलायती नागरिकले बेलायती नागरिकता छाड्न चाहेमा पुऱ्याउनुपर्ने प्रकृयाको ब्यवस्था उक्त ऐनमा गरियो । यसलाई सिधा अर्थमा बुझ्दा राज्यले नागरिकको नागरिकता खोस्न नपाउने भयो भन्न सकिन्छ । यसरी बेलायतमा नागरिकले स्वइच्छाले मात्र नागरिकता परित्याग गर्न पाउने ब्यवस्था गरेर The Universal Declaration of Human Rights 1948 को परिकल्पनालाई अलम्बन गरेको पाइन्छ । यसै परिप्रेक्षमा अमेरिकाको अदालतले Afroyim v. Rusk, 387 U.S. 253 (1967) मा ब्याख्या गरेर बेलायती शिद्धान्तलाई पछ्याएको पाइन्छ । स्मरणीय कुरा के छ भने प्रजातन्त्रको विकासमा कानूनको शासनका रुपमा जनतालाई सार्वभौमसत्तासम्पन्न मान्ने शिद्धान्तलाई ब्यवहारमा लागु गर्न राज्यले नागरिकता खोस्न नपाउने र नागरिकले मात्र स्वं परित्याग गर्न सक्ने कानूनी ब्यवस्था विश्वभरि विस्तार हुँदै गएको छ ।[14]

[11] Article 2.
Everyone is entitled to all the rights and freedoms set forth in this Declaration, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status. Furthermore, no distinction shall be made on the basis of the political, jurisdictional or international status of the country or territory to which a person belongs, whether it be independent, trust, non-self-governing or under any other limitation of sovereignty.
Article 15.
(1) Everyone has the right to a nationality.
(2) No one shall be arbitrarily deprived of his nationality nor denied the right to change his nationality.

[12] data.un.org/CountryProfile.aspx?crName=Nepal

[13] British Nationality and Status of Aliens Act, 1914 को दफा ४ र ५

[14] The Australian Citizenship Council, Chair: Sir Ninian Stephen, OA. Other members: Ms Sallyanne Atkinson AO; Mr Mark Ella AM; Hon Robert Ellicott QC; Ms Mirta Gonzalez; Archbishop Barry Hickey OAM; Prof Donald Horne AO; Hon Gary Johns; Mr Bernard Kilgariff AM; Miss Tan Le; Ms Caryl McQuestin; Associate Professor Robert Manne; Ms Marilynne Paspaley (resigned August 1999); Professor Judith Sloan. https://www.aph.gov.au/binaries/library/pubs/cib/2000-01/01cib05.pdf (Visited at 09:49 on 10 June 2018)

विभिन्न मुलुकले दोहोरो नागरिकतालाई कानूनद्वारा स्वीकार गरेको र यस्ता मुलुकहरुको संख्या थपिँदै गएको हाम्रासामु छर्लङ्ग छ ।[15] नेपाल प्रजातान्त्रिक पद्दतिमा अग्रसर हुँदै गएकाले अग्रगमन तिर जानुपर्छ भन्नेमा दुई राय हुन सक्दैन । परम्परागत रुपमा अंगाल्दै आएको नागरिकता ऐन २०६३को दफा १०को पञ्चायतकालीन अवधारणा पच्छ्याएर हामी यथास्थितिबादी बन्न सम्भव छैन् । नेपाली नागरिक सार्वभौमसत्तासम्पन्न भएकै कारणले नागरिकता संबन्धी ब्यवस्था गर्न देशकै कानूनद्वारा ब्यवस्था गरिने हो । त्यसकारण, नागरिकको सार्वभौमसत्ता नै खोसिने गरी नागरिकतासंबन्धी कानूनबनाउने अधिकार संविधानले ब्यवस्थापिकालाई सुम्पेको अर्थ कुनै पनि कोणबाट लगाउन सकिँदैन ।

यसै सन्दर्भमा श्री सर्बोच्च अदालतको रिट निवेदन ०७२-WH-००१८[16] को फैसलामा उल्लेख हरफ मनन योग्य रहेका छन् - "नयाँ संविधान निर्माण गर्ने विषय कसैको लहडमा सदैव भैरहने परिघटना होइन । सामान्य र समसामयिक परिवर्तनहरु संविधान संशोधानमार्फत् नै सम्बोधन गरिने हुँदा त्यस्तो अवस्थामा संविधान लेखनको जरुरत पर्दैन । विद्यमान संविधान र सोको संशोधनबाट मुलुकको शासन प्रणाली सञ्चालन हुन नसक्ने विषम परिस्थितिमा मात्र नयाँ संविधान लेखिन्छ । त्यसैले हरेक नयाँ संविधानले सो अगाडि बहाल रहेको संविधानले गरेको शासकीयलगायतका प्रावधानहरुमा आधारभूत भिन्नता ल्याउने अनुमान गर्न सकिन्छ । नेपालको संविधान, २०७२ नेपालको इतिहासमा लामो समयदेखि अपेक्षा गरिएको सार्वभौम जनताका प्रतिनिधिबाट लेखिएको हुँदा निश्चय नै यसले उल्लेखनीय परिवर्तन ल्याएको हुनुपर्ने हुन्छ ।"[13]

अर्को तर्फ नागरिकलाई कर्तब्य तोक्ने अधिकार भने विधायिकालाई हुन्छ, जसको ब्यवस्था संविधानको धारा ४८मा गरेको पाइन्छ । देशप्रति बफादार नरहने तथा कर्तब्य निर्वाह गर्न हिच्किचाउने नागरिकले स्वं नागरिकता परित्याग गर्दछन्, वा दण्ड सजायको भागिदार हुन्छन् । राज्यले ब्यवस्थापन मिलाएर देश सञ्चालन गर्ने जिम्मेवारी पन्छाउन नागरिकको नागरिकता खोस्ने प्रवृत्ति कदाचित न्यायोचित हुन सक्दैन । उदाहरण: उ. अमेरिकाको केन्द्रिय सरकारले Foreign Accounts Tax Compliance Act (FACTA) कार्यान्वयनमा तदारुकदा देखाउना साथ कर्तब्य निर्वाह गर्न नचाहने अमेरिकी नागरिकहरुले स्वं अमेरिकाको नागरिकता परित्याग गरे । सन् २०१५मा अमेरिका बाहिर बस्ने १३३५ अमेरिकी नागरिकहरुले अमेरिकाको नागरिकता परित्याग गरे ।[17] सन् २०१४ देखि उक्त कानून कडाइकासाथ लागु हुने भएपछि सन् २०१३को सेपटेम्बर महिनासम्ममा १ हजार एक सय एकतीस अमेरिकीहरुले नागरिकता परित्याग गरे । जबकि सन् २०१२ को वर्ष भरिमा १८९ अमेरिकी नागरिकहरुले नागरिकता परित्याग गरेका थिए

[15] The Australian Citizenship Council, Chair: Sir Ninian Stephen, OA. Other members: Ms Sallyanne Atkinson AO; Mr Mark Ella AM; Hon Robert Ellicott QC; Ms Mirta Gonzalez; Archbishop Barry Hickey OAM; Prof Donald Horne AO; Hon Gary Johns; Mr Bernard Kilgariff AM; Miss Tan Le; Ms Caryl McQuestin; Associate Professor Robert Manne; Ms Marilynne Paspaley (resigned August 1999); Professor Judith Sloan. https://www.aph.gov.au/binaries/library/pubs/cib/2000-01/01cib05.pdf (Visited at 09:49 on 10 June 2018)

[16] विष्णु लामासमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, बन्दप्रित्यक्षीकरण, स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की, सवोच्च अदालत बुलेटिन वर्ष २४, अङ्क १४, २०७२, कात्तिक १६-३० पूर्णङ्क ५६०, पृष्ठ ७

[17] Americans Living Abroad Set Record for Giving Up Citizenship- by Richard Rubin, BloombergBusiness http://www.bloomberg.com/news/articles/2015-05-07/americans-abroad-top-quarterly-record-for-giving-up-citizenship CNN May 08, 2015, by sophia Yan, Record 1,335 Americans give up their passports, http://money.cnn.com/2015/05/08/pf/taxes/american-expats-passports-renounce/

।[18] ५० हजार डलर भन्दा बढी कमाइ गर्ने अमेरिका बाहिर बस्ने अमेरिकी नागरिकहरुले आय विवरण अनिवार्य रुपमा बुझाउनु पर्ने र सो अनुसारको कर अमेरिकामा भुक्तान नगरेको खण्डमा ठूलो रकम जरिवाना तिर्नुपर्ने भए पछि त्यस्तो कर तिर्ने जिम्मेवारीबाट भाग्न खोज्ने नागरिकहरुले आफ्नो नागरिकता परित्याग गरेका हुन् । कर असुली जस्ता ब्यवस्थापकीय पक्षमा तदारुकता देखाउन सकेको खण्डमा दुई देशको नागरिकता राख्ने नेपालीहरुबाट नेपालले आर्थिक, सामाजिक, सांस्कृतिक र भावनात्मकफाइदा लिन सक्छ । ब्यवस्थापनको जिम्मेवारीबाट पन्छनकै लागि नागरिकता ऐनको दफा १० जस्ता प्रावधान राज्यले खडा गर्दा नागरिकमा अन्तरनिहित सार्वभौमसत्ता खोसिन जान्छ, जुन संविधानको धारा २ तथा प्रस्तावना लगायतको भावना र मर्म विपरित हुन्छ ।

एक्काईसौ शताब्दिको परिवर्तित समाजलाई आवस्यक नागरिकता सम्बन्धी प्रावधानका लागि अष्ट्रेलियाको सरकारकालागि तयार पारेको प्राज्ञिक समुदाय[19]को विश्लेषण हाम्रो परिवर्तित समाजको आवस्यकताका लागि पनि अनुकरणिय रहेको छ ।

> The Council's report to the Minister in February 2000 'strongly' recommended that section 17 of the Australian Citizenship Act 1948 be repealed 'so that Australian citizens over the age of 18 do not lose their Australian citizenship on the acquisition of another citizenship'
> It put forward the arguments in favour of dual citizenship as:
> • The current restrictions can be arbitrary or discriminatory in their practical application, impacting most heavily on the Australian-born (as compared with the up to 5 million mostly foreign-born national Australian citizens).
> • There is no evidence to suggest that those Australians who currently possess dual citizenship are disloyal or lack commitment to Australia.
> • There is an international trend towards dual citizenship: the UK, Canada, NZ, France, USA and Italy all allow their citizens to acquire (or retain) the citizenship of another country without this affecting their existing citizenship status.

आज भन्दा दश वर्ष अघि नै विश्व परिवेशलाई मुल्याङ्कन गरिएको अष्ट्रेलियाको सन्दर्भ हामीले अहिले पनि पहिचान नगरेको खण्डमा नेपाल र नेपाली समाजले अग्रगमन नारा सार्थक हुन सम्भव नभएकैले पनि नेपाल नागरिकता ऐन २०६३ को दफा १० बदर गर्नु आजको सामाजिक आवस्यकता समेत हो ।

४) घ) उपरोक्त बिचारणिय प्रश्न नं ४ को हकदैयाको सन्दर्भमा हेर्दा
निबेदक नेपाली नागरिक हुनका साथै बेलायतको नागरिकता प्राप्त गर्न योग्यता पुगेको कुरा निबेदनमा उल्लेख हुनाले संविधानसंग बाझिएको दफा १० ले निबेदकको अधिकारमा आघात

[18] BBC News Washington, Why are Americans Giving up their Citizenship ? By Tom Geoghegan, http://www.bbc.co.uk/news/magazine-24135021

[19] The Australian Citizenship Council, Chair: Sir Ninian Stephen, OA. Other members: Ms Sallyanne Atkinson AO; Mr Mark Ella AM; Hon Robert Ellicott QC; Ms Mirta Gonzalez; Archbishop Barry Hickey OAM; Prof Donald Horne AO; Hon Gary Johns; Mr Bernard Kilgariff AM; Miss Tan Le; Ms Caryl McQuestin; Associate Professor Robert Manne; Ms Marilynne Paspaley (resigned August 1999); Professor Judith Sloan. https://www.aph.gov.au/binaries/library/pubs/cib/2000-01/01cib05.pdf (Visited at 09:49 on 10 June 2018)

गरेको अवस्था छ । निबेदनमा उठाइएको विषय सार्वजनिक महत्व र चासोको विषय समेत भएको हुनाले हरेक नेपाली नागरिकलाई यस्तो निबेदन प्रस्तुत गर्ने अधिकार रहन्छ । नागरिकको ब्यैयक्तिक अधिकार हनन् भैरहेको जानकारी अदालतलाई भएको अवस्थामा अदालत स्वं अग्रसर भएर नागरिकको हक सुरक्षित गर्ने कानूनको शासनको सिद्धान्त अन्तरगत पनि पर्ने हुनाले समेत यस विषयमा अदालतको जानकारीमा यस विषयलाइ उठान गर्नु पनि निबेदकको हकदैया पुगेको ठहर्छ । बिदेशको नागरिकता लिएपछि मात्र नागरिकता ऐनको दफा १० विरुद्ध निबेदन गर्न हकदैया पुग्छ भन्नु र्तकसंगत हुँदैन । उदाहरणको लागि संबिधानको धारा १६ (२) (कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।) संग बाझिनेगरी मृत्युदण्ड दिने कानून विधायिकाले बनाएको खण्डमा मृत्युदण्डबाट मृत्यू भएको व्यक्तिलाई मात्र हकदैया पुग्छ भन्ने अर्थ लाग्न जान्छ । जुन तर्क न्यायसंगत त हुदैन  नै हास्यास्पद हुन जान्छ । विधायीकाले संविधानसंग बाझिने गरी बनाएको नागरिकता ऐन २०६३ को दफा १० लाई बदर गराउन (Ultra Vires) त्यस्तो कानूनबाट असर पर्ने निबेदकलाई यो निबेदन गर्ने हकदैया पुग्छ ।

निबेदक सन् १९९९ अगस्त महिनादेखि बेलायतमा बस्दै आएका र सन् २०१० मार्चदेखि बेलायतको आवासीय भीसा (ILR- Indefinite Leave to Remain ) प्राप्त गरेका छन् । British Nationality Act 1981, Section 6 अनुसार निबेदकलाई बेलायतको नागरिकता ग्रहण गर्ने योग्यता पुग्छ । बेलायत सरकारको आधिकारिक वेवसाइट https://www.gov.uk/becoming-a-british-citizen/check-if-you-can-apply[20] मा अङ्गिकृत नागरिकताका लागि निबेदन गर्न पाउने सर्तहरु उल्लेख छन् । बेलायतको अंङ्गिकृत नागरिकताका लागि योग्यता पुगेको हुनाले पनि निबेदकको यस विषयमा निबेदन गर्ने हकदैया पुगेको छ । राष्ट्रको अर्थतन्त्रमा विप्रेषण (Remittance) मा ठूलो योगदान रहने गरेको सन्दर्भमा विप्रेषणको स्रोतका रुपमा रहेका एवं विदेशमा बस्न बाध्यकारी परिस्थितिमा परेका नेपाली नागरिकहरुलाई प्रत्यक्ष असरगर्ने विषय भएकाले पनि यो निबेदनको विषय सार्वजनिक महत्व र सरकारको विषय हो ।

विश्व मजदुर संगठन (ILO-International Labour Organization)को जनवरी २०१७ को प्रतिवेदन[21] अनुसार विविध जोखिमका वावजुद पनि बैदेशिक रोजगारीमा जाने नेपालीको संख्या उल्लेख्य संख्यामा हरेक वर्ष वढ्दै गएको छ । उक्त प्रतिवेदनमा श्रम मन्त्रालयको स्रोत जनाउँदै सन् २००८मा २ लाखको संख्यामा रहेको वैदेशिक रोजगारीमा जनेको संख्या सन् २०१४सम्मा ५ लाखभन्दा बढि भएको र यो बढ्ने क्रम जारी रहेको जनाइएको छ । वि.स. २०७२ सालको पुस महिनामा १ लाख ५ हजार ९ सय ७९ जनाले वैदेशिक रोजगारका लागि पूर्वस्वीकृति लिए ।

[20] You can apply for British citizenship by naturalisation if:
you’re 18 or over
you’re of good character, eg you don’t have a serious or recent criminal record, and you haven’t tried to deceive the Home Office or been involved in immigration offences in the last 10 years
you’ll continue to live in the UK
you’ve met the knowledge of English and life in the UK requirements
you meet the residency requirement
And you must usually have:
lived in the UK for at least the 5 years before the date of your application
spent no more than 450 days outside the UK during those 5 years
spent no more than 90 days outside the UK in the last 12 months
been granted indefinite leave to stay in the UK (or permanent residence if you’re an EEA national) - this means there’s no specific date that you have to leave
had indefinite leave to stay in the UK for the last 12 months (or permanent residence if you’re an EEA national)
not broken any immigration laws while in the UK

21 ILO Country Office for Nepal | January 2017: Labour migration continues to increase as Nepalis are attracted by the prospects of better income despite the risks: Figure 3: Rapid rise in labour permits issued to migrant workers from Nepal, 1994-2014, http://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-kathmandu/documents/publication/wcms_543497.pdf

अर्कातिर बैदेशिक रोजगार विभागको तथ्यांकले भन्छ- दिनको ३५ सय भन्दा बढीले पूर्वस्वीकृति लिइरहेका छन् ।[22] नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागद्वारा सार्वजनिक गरिएको पाँचौ पारिवारिक बजेट सर्वेक्षणआयोजना (भाद्र ३१, २०७२)को नतिजा अनुसार घर परिवारको औसत मासिक आम्दानी विप्रेषण (Remittance) बाट १७.६१ प्रतिशत रहेको छ ।[23] नेपाल राष्ट्र बैंकको सन २०१४ जुलाइमा प्रकाशित गरेको आर्थिक स्थिरता प्रतिबेदन (Financial Stability Report) अनुसार सन २०१३/०१४ मा विदेशमा बसोबास गरेका श्रमजिवी नेपाली नागरिकहरुबाट राष्ट्रले आम्दानी गरेको विप्रेषण (Remittance) Rs. 643.3 Billion जनाइएको छ ।[24] विप्रेषणको अभावमा देशले अर्थतन्त्र धान्न नसक्ने बर्तमान यथार्थतालाई मध्यनजर गरेर विप्रेषणका स्रोतका रुपमा रहेका विदेशमा बस्ने नेपाली नागरिकहरुको हक-अधिकारलाई ब्याख्या गर्नुपर्ने भएको हुनाले यस निबेदनमा उठाइएको विषय सार्वजनिक सरोकार र महत्वको विषय हो ।

५) ङ) प्रश्न न. ५ को सन्दर्भमा हेर्दा: कानुनको शासन सम्वन्धी संविधानवादका विषयमा श्री टोप वहादुर सिंहको नेपालको संविधान भन्ने पुस्तकको गहिरो छाप हुनु स्वभाविकै हो । किनकि तत्कालीन अवस्थामा सहज रुपमा त्यही एकमात्र पुस्तक उपलब्ध थियो । तर संञ्चार तथा यातायात प्रविधिको विकाससंगै भूमण्डलीकरणको रापमा नेपाली समाज सात समुद्रपारिसम्म फैलिएको परिप्रेक्षमा व्यापक भएको राष्ट्रवादलाई संबिधानका धाराहरुले समेटेका छन् । त्यसलाई कानुनको शासनको सिद्धान्तलाई व्यवहारमा उतार्नु आजको न्याय क्षेत्रको जीम्मेवारी पनि हो । वर्तमान परिप्रेक्षमा राष्ट्रवादलाई बुझिने गरी धारा ३ को भावनालाई स्पष्टपार्न ईजरायल राष्ट्रको उदाहरण प्रयाप्त हुन्छ । हिब्रो बाईवलमा परापूर्व कालको ईजरायल "Land of Israel" राज्यको अस्तित्व उल्लेख गरेको पाईन्छ । तर तत्कालीन अन्तरविरोध र हिटलरको हिंशासम्म पुग्दा त्यहाँका नागरिकहरु अन्य देशमा विस्थापित भए, राज्यको अस्तित्व पनि हरायो । जो जहाँ पुगे त्यहींको नागरिकता ग्रहण गरे पनि आफ्नो ईजरायली राष्ट्रवाद जीवन्त राखेर संघर्ष गर्दै अस्तित्व विहिन अवस्थामा पुगेको ईजरायललाई इ.सं. १९४८ मा भूभाग सहितको ईजरायल राष्ट्रका रुपमा खडा गरे ।

त्यसैले नागरिकको राष्ट्रिय भावना भूभाग भित्र सिमित रहन सक्दैन बरु नागरिक जुन भूभागमा पुगे पनि उसले स्वयं नागरिकता परित्याग नगरेसम्म यथावत रहि रहन्छ । अर्को शब्दमा भन्दा “नागरिक नै राष्ट्र” हो । नागरिकले हराएको भूभाग पनि पुन: प्राप्त गरेर राज्य निर्माण गर्न सक्छ । यसै भावनाले गर्दा नै संविधान सभाले धारा ३ को व्यवस्था गरेको प्रष्ट छ । संविधानसभाले विदेशमा पुगेका श्रमजीवी नेपाली नागरिकलाई समेत सार्वभौमसत्ता सम्पन्न नागरिक मानेको छ । उसको कर्म थलोमा व्यवधान नहुने गरी नेपाल नै घर हो भन्ने भावना कायम राख्नु संविधानको भावना रहेको छ । तर नीति शास्त्रको कथन ‘व्यापारी, बेस्या, विद्वानको आफ्नो देश हुदैन’ भने जस्तै नेपाली मूलका विदेशमा बस्ने धनाढ्यहरुका हकमा राष्ट्रिय भावनालाई सतर्कताका साथ देशले उपयोग गर्ने नीति अन्तरगत गैर आवासीय नागरिकताको सुविधा प्रदान गर्ने वर्तमान संविधानको भावना हो । यसबाट पनि विदेशमा गएर बस्दा पनि नेपाल नै घर मान्ने श्रमजीवीले जीवन यापनको सुविधाहरु भोग गर्न विदेशी नागरिकता नै ग्रहण गरे पनि नेपाली नागरिक भैरहन छुट दिने संविधानको भावना प्रष्ट छ ।

---

[22] कान्तिपुर दैनिक, माघ १८, २०७२, फ्रि भिसा फ्रि टिकट ! - अखण्ड भण्डारी - http://kantipur.ekantipur.com/news/2016-02-01/20160201085830.html

[23] http://www.nrb.org.np/red/publications/study_reports/Study_Reports--A_Powerpoint_Presentation_on_the_Fifth_Household_Budget_Survey_Results_(Nepali)-new.pdf

[24] http://www.nrb.org.np/red/publications/fin_stab_report/Financial_Stability_Report--Issue_No._5_(July_2014)-new.pdf

उ.अमेरीकाको न्यायालयको अनुभव हामीले मार्ग दर्शकका रुपमा लिएमा कानुनको शासनको सिद्धान्त अनुरुपका न्याय व्यवस्थाको मार्ग दर्शनका लागि सहयोगी ठहर्नेछ । उक्त U.S. Supreme Court Afroyim v. Rusk, 387 U.S. 253 (1967)को मुद्दामा न्यायमूर्ति ब्ल्याकले अनुसरण गरेको शिद्धान्त तथा नीति चिन्तक John Loke[25] बाट अभिप्रेरित रहेको पाईन्छ । "नागरिकता, सम्पत्ति र शुरक्षा हरण हुन नसक्ने अधिकार हुन" भन्ने चिन्तक John Loke बाट ब्यक्त न्यायको मर्मबाट हामी अछुतो हुन सक्दैनौं । सन १९५८ मा Trop V. Dulles, 356 US 86 (1958)[26] मा नागरिकता खोस्ने अधिकार व्यवस्थापिकालाई दिंदा कानुनको शासन सम्वन्धी नीतिमा अन्योलता थपिन्छ भन्ने न्यायमूर्ति ब्ल्याकको रायबाफी तर्क तथा करिव १० वर्ष सम्मको अन्योलता चिरेर Afroyim को मुद्दामा १९६७ मा पुरानो नजिर उल्टी गरेर नागरिकता नागरिकले स्वयं परित्याग नगरी हरण हुदैन भन्ने नजिर स्थापित भएको पाईन्छ ।

अमेरीकाको न्यायिक ईतिहासमा १० वर्षसम्म रहेको अन्योल[27] सिर्जना गरेको न्यायमूर्ति Harlan को तर्कभन्दा अहिलेसम्मको समय गणना गर्दा ५० वर्षसम्म कानुनको शासनको नीतिमा सहायक रहेको न्यायमूर्ति Black को तर्क अवलंबन गर्नु नै स्थायी सिद्धान्तको मार्ग हुनेछ । J. Black ले एफ्रोइमको मुद्दामा फैसला लेख्दा लिएका प्राज्ञिक लेखहरु कानुनको शासन लागु गर्ने विषयमा मनन योग्य हुनका साथै अनुसरण योग्य रहेका छन् । उहाँले फैसलाको फुट नोट ६ मा ती प्राज्ञ लेखहरु उल्लेख गर्नु भएको छ[28] त्यस मध्येका केही लेखहरु यसै साथ पेश गरेका छौ । उक्त प्राज्ञिक लेखहरुमा Perez v. Brownell को मुद्दामा भएको फैललाले कानूनको शासनको सिद्धान्तलाई अवलम्बन गर्न नसकेका पाज्ञिक र्तकहरु पर्याप्त रुपमा उल्लेख गरिको आधारलाई जोड दिएको पाइन्छ । कानूनको शासनलाई नेपालमा स्थापित गराउन ती लेखहरुको मर्मलाई पाखा लगाउन सकिँदैन । ती प्राज्ञिक लेखहरुलाई आधार मानेर J. Blactk ले Afroyim को मुद्दामा प्रस्तुत गरेको तर्कलाई आधार लिंदै हामी ईजलास समक्ष निबेदकको मागको समर्थनमा निवेदन गर्न चाहान्छौ- एक निर्वाचन अवधिको लागि निर्वाचित अस्थायी समूहको रुपमा गठन हुने व्यवस्थापिकाले सार्भभौमसत्ता सम्पन्न नेपाली नागरिकको नागरिकता नागरिक स्वंमले परित्याग नगरेसम्म हरण गर्न सक्दैन ।

संविधानको भाग ९ एवं १४ मा कानून बनाउने ब्यवस्थापिकीय अधिकार र भाग ३१मा संविधान संशोधन गर्ने प्रकृया तथा अधिकारका विषयमा छुट्टाछुट्टै ब्यवस्था गरिएको छ । ऐन बनाउने प्रकृया अपनाएर ब्यवस्थापिकाले संविधान संशोधन गर्न नपाउने विषय संविधानवादको मूल मर्म नै हो । धारा २७४ ले संविधान संशोधन प्रकृया पुर्याए पनि संविधानका आधारभूत मान्यतालाई बदल्नमा

---

25 The Second Treatise of Civil Government, John Locke https://ebooks.adelaide.edu.au/l/locke/john/l81s/index.html

26 The Oxford guide to United States Supreme court decisions, Oxford University press 2000, page 308 ISBN: 0-19-513924-0

27 **U.S. Supreme Court Afroyim v. Rusk, 387 U.S. 253 (1967)**
Petitioner, relying on the same contentions about voluntary renunciation of citizenship which this Court rejected in upholding § 401(e) in *Perez,* urges us to reconsider that case, adopt the view of the minority there, and overrule it. That case, decided by a 5-4 vote almost 10 years ago, has been a source of controversy and confusion ever since, as was emphatically recognized in the opinions of all the judges who participated in this case below. [Footnote 3] Moreover, in the other cases decided with [Footnote 4] and since [Footnote 5] *Perez,* this Court has consistently invalidated on a case-by-case basis various other statutory sections providing for involuntary expatriation. It has done so on various grounds, and has refused to hold that citizens can be expatriated without their voluntary renunciation of
Page 387 U. S. 256
citizenship. These cases, as well as many commentators, [Footnote 6] have cast great doubt upon the soundness of *Perez.* Under these circumstances, we granted certiorari to reconsider it, 385 U.S. 917. In view of the many recent opinions and dissents comprehensively discussing all the issues involved, [Footnote 7] we deem it unnecessary to treat this subject at great length.

28 [Footnote 6]*See, e.g.,* Agata, Involuntary Expatriation and *Schneider v. Rusk,* 27 U.Pitt.L.Rev. 1 (1965); Hurst, Can Congress Take Away Citizenship?, 29 Rocky Mt.L.Rev. 62 (1956); Kurland, Foreword: "Equal in Origin and Equal in Title to the Legislative and Executive Branches of the Government," 78 Harv.L.Rev. 143, 169-175 (1964); Comment, 56 Mich.L.Rev. 1142 (1958); Note, Forfeiture of Citizenship Through Congressional Enactments, 21 U.Cin.L.Rev. 59 (1952); 40 Cornell L.Q. 365 (1955); 25 S.Cal.L.Rev.196 (1952). *But see, e.g.,* Comment, The Expatriation Act of 1954, 64 Yale L.J. 1164 (1955). .

रोक लगाएको छ । त्यसै आधारभूत मान्यता मध्येको प्रस्तावना तथा धारा २ बाट जनतामा निहित रहेको सार्वभौमसत्ता संविधान संशोधन प्रकृया पुर्याएर पनि बदल्न पाईदैन । तर, नागरिकता ऐन २०६३ को दफा १० ले संविधानको भाग ३१ को प्रकृया पुर्याएर पनि बदल्न नपाउने प्रावधानलाई उलंघन समेत गरिरहेको छ । ब्यवस्थापिकालाई उक्त दफा १० बनाउने अधिकार छ भनेर मान्ने हो भने संविधान संशोधन गर्न नपाइने विषय पनि ऐन बनाएर संशोधन गर्न पाइन्छ भन्ने नजिर प्रतिपादन हुन जान्छ । संविधानको आधारभूत संरचना बचाउनका लागि नागरिकता ऐनको दफा १०को माध्यमबाट संविधानको अपरिवर्तनीय प्रावधान बदल्ने सम्भावना रोक्ने जिम्मेवारी पनि संविधानको धारा १ र १३३ समेतका प्रावधानका माध्यमबाट श्री सर्बोच्च अदालतलाई तोकिएको छ ।

संविधानको आधारभूत संरचना भत्किने गरी भएका तथा हुन लागेका तथा जिम्मेवारी पुरा नगरिएका ब्यवस्थापिकीय कृयाकलापहरुलाई अङ्कुश लगाउने एवं मार्गदर्शन गर्ने संबन्धमा शक्तिपृथकीकरण तथा नियन्त्रण एवं सन्तुलनको सिद्धान्त आकर्षित हुन्छ । धारा २७४ मा संविधान संशोधन गर्न पाइने र नपाइने सीमा निर्धारण गरिएको छ । उक्त प्रावधान तथा सीमा तोकिनुबाट हाम्रो संविधानले संविधान संशोधन सम्बन्धमा अमेरिकाको "लिमिटेशन अन कन्स्टीच्यूस्नल एमेन्डमेन्ट"को शिद्धान्त तथा भारतको आधारभूत संरचना परिवर्तन हुने गरी सशोधन गर्न नपाइने (Constitution can be amended provided the basic foundation and structure of the Constitution remains the same) भनेर सिद्धान्त प्रतिपादन गरेको फैसला Kesavananda Bharati Sripadagalvaru and Ors. v. State of Kerala and Anr. (case citation: (1973) 4 SCC 225) लाई पच्छ्याएको पाइन्छ । धारा २७४ ले "...जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।" भनेंर स्पष्ट ब्यवस्था गरेको छ ।

अमेरिकाको संविधानमा र नेपालको संविधानमा नागरिकमा सार्वभौमसत्ता निहित रहेको परिप्रेक्ष र कानुनको शासनको सिद्धान्तमा समान ब्यवस्था रहेकाले *Afroyim V. Rusk* को मुद्दाको नजिर अवलम्बन गर्दा संविधानबाद तथा कानुनको शासनको सिद्धान्त अनुकुल हुन्छ ।

विपक्षीहरुको लिखित जावाफमा भारत र नर्वेको प्रचलनका विषयको सन्दर्भ नेपालको संविधान र हाम्रो निवेदनसंग सान्दर्भिक छैनन् । नर्वेको संविधान अनुसार जनता (नागरिक) मा सार्वभौमसत्ता निहित नरहेकोले त्यहाँको प्रचलनलाई हाम्रो संविधान कार्यान्वयनसंग तुलना नै गर्न मिल्दैन । हाम्रो संविधानले सार्वभौमसत्ता जनतामा निहित हुने भन्दै धारा २ को उक्त ब्यवस्थालाई परिवर्तन गर्न समेत नपाइने ब्यवस्था गर्दै कानुनको शासनको सिद्धान्तमा नर्वेको भन्दा एक कदम अगाडि बढेको अवस्थामा संविधानको कार्यान्वयनको लागि नर्वेको प्रचलन हाम्रालागि असान्दर्भिक छ ।

भारतको संविधानको धारा ९ मा नै विदेशको नागरिकता ग्रहण गर्ने भारतीय नागरिकको नागरिकता कायम नरहने ब्यवस्था रहेकोले नागरिकता ऐन २०६३ को दफा १० संविधान संग बाझिएको र ब्यवस्थापिकालाई उक्त कानुन बनाउने अधिकार नरहेको सदर्भ सान्धविर्क हुँदैन । संविधानमा भएको ब्यवस्था र ऐनमा भएको ब्यवस्था फरक फरक स्रोतबाट जन्मिएका हुन्छन् । संविधानसभाले संविधान बनाएको हो र संशोधनका पनि निश्चित प्रकृया छन् । ब्यवस्थापिकाले बनाएको ऐनको ब्यवस्थालाई संविधान भित्रको ब्यवस्थासंग बराबरी स्तरमा विवेचना गर्न मिल्ने हुँदैन । भारतको संविधानको धारा ९ (9. Persons voluntarily acquiring citizenship of a foreign State not to be citizens.- No person shall be a citizen of India by virtue of article 5, or be deemed to be a citizen of India by virtue of article 6 or article 8, if he has voluntarily acquired the citizenship of any foreign State. ) को ब्यवस्थालाई संविधानसंग बाझिएको प्रावधानका रुपमा विवेचना नहुने भएता

पनि ऐनको ब्यवस्थालाई संविधानसंग बाझिएको हदसम्म अमान्य हुने ब्यवस्था स्वं संविधानले गरेको अवस्थाले भारतको सन्दर्भ पनि यस निवेदनको प्रसंगसंग मेल खाँदैन ।

बेलायतमा लिखित संविधान नभएको र त्यहाँको संविधानबादको प्रचलनमा सार्वभौमसत्ता संसदमा रहेको हुँदा पनि हाम्रो संविधानको कार्यान्वयनमा ठ्याक्क मिल्ने हुँदैन । साथै, बेलायतमा दोहोरो नागरिकतालाई सन् १९४८ देखिनै अपनाउँदै आएको पाइन्छ ।

६) च) प्रश्न नम्बर ६ का सम्बन्धमा हेर्दा: संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत कुर सजाय विरुद्धको अधिकार पनि मौलिक अधिकारका रुपमा अन्तर्निहित रहेको छ । नागरिकले आफै नागरिकता परित्याग नगरेको अवस्थामा राज्यले नागरिकता खोस्नु भनेको कुर सजाय हुन्छ भन्ने अमेरिकाको सर्बोच्च अदालतका न्यायाधीश MR. JUSTICE BRENNAN[29] को तर्क सभ्य समाज प्रवर्धन गर्न तथा कानुनको शासनको कार्यान्वयनका लागि नेपालले पनि अनुकरण गर्नु पर्ने हुन्छ । आज भन्दा पचास वर्ष अघिको Afroyim v. Rusk, 387 U.S. 253 (1967) मुद्दामा नागरिकता खोस्ने अधिकार ब्यवस्थापिकालाई हुँदैन भन्ने शिद्धान्त स्थापित हुनु भन्दा अघि दश वर्ष (सन् १९५८ देखि १९६७) सम्म कमस कानुनको शासनको कसी लगाउन छलफल र विकास भएको पाइन्छ । न्यायाधीश MR. JUSTICE BRENNAN को Trop V. Dulles मा नागरिकता राज्यले खोस्नु कुर सजाय हुन जान्छ भन्दै राज्यले नागरिकलाई कुर सजाय दिन पाउँदैन भन्ने[29] तर्कका आधारमा पनि नेपाल नागरिकता ऐनको दफा १०ले कुर सजायको रुपमा नागरिकता बदर हुने गरी भएको ब्यवस्था संविधानसंग वाझिएकोले बदरभागी रहेको छ ।

७) छ) प्रश्न न. ७ को सन्दर्भमा हेर्दा: नेपाल नागरिकता ऐन २०६३ को दफा १०मा भएको “आफूखुसी” भन्ने शब्दलाई छनोटको स्वतन्त्रता संबन्धी अधिकार (Freedom of choice- free will) को कसीमा राखेर ब्याख्या गर्नु पर्ने हुन्छ । छनोटको स्वतन्त्रता संबन्धी अधिकार (Freedom of choice) कमन लिगल सिस्टमको आधारभूत संरचना (Basic Feature) अन्तर्गत पर्छ । छनोटको स्वतन्त्रता संबन्धी सिद्धान्तको आधारमा नागरिकता छनोट गर्ने विषय कुनै कुरा ग्रहण गर्नुलाई अर्को कुरा त्याग गर्ने मनसायका रुपमा ब्याख्या गर्नु न्यायसंगत हुँदैन । कुनै अर्को मुलुकको नागरिकता ग्रहण गर्ने खुसी र नेपालको नागरिकता त्याग गर्ने इच्छा फरक फरक मनसायका विषय हुन्छ ।[30]

कानुनको शासनको शिद्धान्त अन्तर्गत ब्यवस्थापिकाले नेपाली नागरिकको नागरिकता परित्याग गर्ने मनसाय (Voluntary assent) रहेको स्वत: अनुमान हुने कानुन बनाउन सक्दैन । नेपालको नागरिकता परित्याग गर्न चाहने नेपाली नागरिकले नेपाली नागरिकता परित्याग गर्ने मनसाय प्रमाणबाट (preponderance of the evidence) पुष्टि हुनु पर्छ ।

संविधानले नेपाली नागरिकलाई अन्य मुलुकको नारिकता ग्रहण गर्न रोक लगाएको छैन । संविधानले अन्य मुलुकको नागरिकता ग्रहण गर्ने कि नगर्ने भन्ने विषय नेपाली नागरिकको स्वइच्छामा छाडेको छ । संविधानले ब्यवस्थापिकालाई नागरिकता खोस्ने अधिकार नदिएको वर्तमान अवस्थामा ब्यवस्थापिकाले नागरिकता खोसिने गरी बनाएको कानुन (नेपाल नागरिकता ऐन २०६३को दफा १०) संविधानसंग बाझिएको छ । साथै नागरिकको कुनै गतिविधिलाई नागरिकता छाड्ने मनसायका रुपमा अनुमान गर्ने वा गर्न सक्ने कानुन बनाउन ब्यवस्थापिकालाई अधिकार छैन । नेपाल नागरिकता ऐन २०६३ दफा १० मा भएको ‘आफूखुसी’ भन्ने शब्दको अर्थ

[29] Trop V. Dulles, 356 US 86 (1958), The Oxford guide to United States Supreme court decisions, Oxford University press 2000, page 308 ISBN: 0-19-513924-0

[30] Peter Millican: University of Oxford, Explores the problem of free will and the ideas of moral responsibility, determinism and choice; the need for a concept of freedom to allow free choice, the problems associated with this and asking whether we really have freedom of choice: https://podcasts.ox.ac.uk/71-free-will-determinism-and-choice (Visited at 10:30 on 11 June 2018)

नेपाली नागरिकता परित्याग गर्ने रहेको मनसायका रुपमा ब्याख्या गर्न मिल्दैन । त्यस्तो अनुमान गैरसंवैधानिक हुन्छ र संविधानसंग वाभिएको हुन्छ । संविधान अनुसार नेपालको नागरिकता परित्याग गर्ने मनसाय प्रमाणबाट पुष्टि नहुँदासम्म नेपाली नागरिकको नागरिकता खोस्ने गरी कानुन बनाउने अधिकार ब्यवस्थापिकालाई छैन ।[31] नागरिकता परित्यागको विषय देवानी भएता पनि फौजदारी मुद्दामा मनसायको आवस्यकता रहे जस्तै नागरिकता परित्याग गर्ने मनसाय पनि पुष्टि भएको अवस्थामा मात्र नेपाली नागरिकले नागरिकता परित्याग गरेको हुन्छ । उदाहरण: कुनै एउटा घर भएको ब्यक्तिले अर्को घर किन्छ भने उसले पहिलाको घर विकी गर्ने मनसायले दोस्रो घर किनेको भनेर अनुमान गर्न नमिल्ने विषयका रुपमा बुझ्न तथा ब्याख्या गर्न सकिन्छ । त्यसै गरी कुनै एउटा दुहुनो सेतो गाईको मालिकले अर्को दुहुनो रातो गाई किन्छ भने उसले पहिलाको सेतो गाई विकी गर्ने मनसायले दोस्रो रातो गाई किनेको भनेर अनुमान गर्न मल्दिैन । सेतो गाई वेच्छु भनेर विज्ञापन गरेको अवस्थामा उसको सेतो गाई बेच्ने मनसाय प्रमाणित हुन्छ । पसलबाट जीनको पाइन्ट किन्ने मान्छेले घरमा भएको कटराइजको पाइन्छ फाल्ट भन्ने अर्थ लगाउनु न्यायसंगत कदापी हुन सक्दैन ।[32]

प्रमाण ऐन २०३१ को दफा २८ अनुसार पनि विदेशको नागरिकता ग्रहण गर्ने ब्यक्तिले नेपालको नागरिकता त्याग गर्न चाहेको मनसाय प्रमाणित गर्न चाहने पक्षले प्रमाण पुर्याउनु पर्ने हुन्छ । प्रमाण विना नै मनसाय पुष्टि भएको अनुमान गर्ने गुञ्जाइस हुँदैन । यस मुद्दाको परिप्रेक्षमा अफूखुसी अन्य मुलुकको नागरिकता लिने ब्यक्तिको नेपालको नागरिकता त्याग गर्ने मनसाय थियो भन्ने पुष्टि गर्ने भार विपक्षीहरु (राज्य पक्ष)मा हुन्छ । नेपाल नागरिकता ऐन २०६३को दफा १० लाई नेपालको नागरिकता परित्याग गर्ने मनसायले अन्य मुलुकको नागरिकता ग्रहण गरेको भनेर ब्याख्या गर्न मिल्दैन । नेपाली नागरिकले स्पष्ठ रुपमा नेपाली नागरिकता त्याग गर्ने मनसाय प्रमाणबाट पुष्टि हुनुपर्छ । उदाहरणको लागि अमुक देशमा नागरिकता ग्रहण गर्दा नागरिक भैराखेको देशको नागरिकता त्याग गरेको प्रमाण पेश गर्नु पर्ने रहेछ भने त्यस्तो अवस्थामा नेपाली नागरिकता त्याग गर्ने प्रकृया पुरा गरेको ब्यक्तिको हकमा प्रमाण पुगेको मान्न सकिन्छ । तर, बेलायतको नागरिकता ग्रहण गर्न नेपालको नागरिकता त्याग गर्नुपर्ने कुनै पनि प्रावधान नरहेको अवस्थामा उक्त दफा १० को 'आफूखुसी' शब्दलाई नेपाली नागरिकता त्याग गर्ने मनसायका रुपमा बुझ्नु न्यायसंगत हुन सक्दैन । अन्य मुलुकको नागरिकता संबन्धी ब्यवस्था के छ भन्ने विषय हामीले निर्धारण गर्ने होइन तर हाम्रो संविधानले नागरिकको नागरिकता कायम राख्न पाउने अधिकारलाई हरण हुन नसक्ने अधिकारका रुपमा स्थापित गरेको छ । त्यसैले ब्यवस्थापिकाले नागरिकको चाहना नहुँदासम्म नागरिकता बदर हुने गरी घुमाउरो पाराले पनि कानुन बनाउन सक्दैन ।

यस सम्बन्धमा अमेरिकाको सर्बोच्च अदालतबाट *Cyrus Vance v. Laurence J. Terrazas (see 445 U.S. 920, 100 S.Ct. 1285)* को मुद्दामा प्रतिपादित शिद्धान्त तथा ब्याख्या अनुकरणीय रहेको छ । उक्त नजिरमा *Afroyim V. Rusk* को मुद्दामा नागरिकको नागरिकता खोस्ने अधिकार ब्यवस्थापिकालाई नहरेको परिप्रेक्षमा कस्तो अवस्थामा नागरिकले आफूखुसी नागरिकता परित्याग गरेको मान्ने र कस्तो अवस्थामा नमान्ने विषयमा विविचना गरिएको पाइन्छ । कानूनको शासनको सिद्धान्तलाई संविधान अनुकुल कार्यान्वन गर्न उक्त नजिरको ब्याख्यालाई अनुसरण गर्नु न्यायसंगत हुन्छ ।[33]

---

[31] Cyrus Vance v. Laurence J. Terrazas (see 445 U.S. 920, 100 S.Ct. 1285)

[32] Does Choice Mean Freedom and Well□Being? Author(s): Hazel Rose Markus and Barry Schwartz Source: Journal of Consumer Research, Vol. 37, No. 2 (August 2010), pp. 344-355 Published by: Oxford University Press Stable URL: http://www.jstor.org/stable/10.1086/651242

[33] 1. In establishing loss of citizenship, the Government must prove an intent to surrender United States citizenship, not just the voluntary commission of an expatriating act such as swearing allegiance to a foreign nation. Congress does not have any general

त्यसैले नागरिकता ऐन २०६३ को दफा १० बनाउने अधिकार नै व्यवस्थापिकालाई नभएको हुँदा धारा १ तथा धारा १३३ बमोजिम शुरुको अवस्था देखिनै दफा १० अमान्य हुन्छ । शासन सञ्चालनका लागि नागरिकको कुनै अधिकार स्पष्ट शब्दमा संविधानले कुनै निकायमा सुम्पिएकोमा बाहेक नागरिकको अधिकार अपहरण हुने गरी व्याख्या गर्ने गुञ्जायस कानुनको शासनको सिद्धान्त भित्र हुदैन । दोहोरो नागरिकता लिन नपाउने व्यवस्था संविधानले स्पष्ट शब्दमा उल्लेख नगरेको हुँदा अन्य देशको नागरिकता ग्रहण गर्ने नगर्ने वा नेपाली नागरिकता स्वईच्छाले परित्याग गर्ने नगर्ने पूर्ण अधिकार नागरिकमा नै रहन्छ किनकी नागरिकलाई शब्द, भावना, र मर्म आदि सम्पूर्ण रुपले सार्वभौमसत्ता सम्पन्न मानिएको छ ।
कानूनको शासन संविधानको मुल मर्म हो । राज्यले ब्यवस्थापनका नाममा संविधानको मर्म उलंघन गर्न पाउँदैन । उत्तर र दक्षीणमा विशाल देश रहेको अवस्था भए पनि नागरिकता ऐनको दफा १० खारेज हुँदैमा नागरिकता प्राप्ति सम्बन्धित ब्यवस्थामा फेरबदल हुने हुँदैन । अहिलेको अवस्थामा जे ब्यवस्था छ त्यही ब्यवस्था रहिरहने हुन्छ । थप नागरिकता दिने वा अध्यागमन चाप थपिने सम्भावना पनि यसले नथप्ने विषयमा अमेरिकाको *Afroyim V. Rusk* को मुद्दामा पनि दुई ठूला छिमेकी क्यानडा र मेक्सिकोको अवस्थामाथि पनि विवेचना गरेर कानुनको शासन स्थापित गर्न ब्यावस्थापिकालाई नागरिकता खोस्ने अधिकार हुदैन भन्ने शिद्धान्त प्रतिपादन भएको पाइन्छ । अमेरिकाको सन्दर्भमा त क्यानडामा दोहोरो नागरिकता रहेको अवस्थामा पनि कानुनको शासनका लागि भएको ब्यवस्था नेपालका दुवै छिमेकी मुलुकहरुमा दोहोरो नागरिकता राख्न नपाइने कानुनी अवस्थामा ब्यवस्थापनको विषयले मागदावी अनुसारको नागरिकता ऐन २०६३ को दफा १० खारेज गर्न कुनै बाधा पारेको मान्न मिल्दैन ।

बेलायती सेनामा भर्ति भएर बेलायत जाने नेपालीहरुलाई त दुईसय वर्ष पहिलादेखिनै राज्यले बिदेश पठाएको हो । भारत-बेलायत-नेपालबीचेको सन् १९४७को त्रिपक्षिय सम्झौता अनुसार बेलायती सेनामा जाँदा, काम गर्दा र फर्किएपछि पनि नेपाली नागरिक नै रहिरहने प्रावधान रहेको छ[34] । एक्काइसौं सताब्दिको बदलिंदो परिस्थितिमा बेलायती कानुन परिवर्तन भएपछि गोर्खा सेनामा भर्ति हुने गोर्खालीहरुलाई बेलायती नागरिकता लिनु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ । बेलायती नागरिक हुँदा पाउने सुविधा र नहुँदा पाउने सुविधाको फरकका कारण पनि सन्ततीहरुको भविष्य उज्वल बनाउन समेत वेलायती नागरिकता ग्रहण गर्नु पर्ने बाध्यात्म परिस्थिति सिर्जना हुन गएको छ । उदाहरणको लागि विदेशी नागरिक र बेलायती नागरिकलाई

power to take away an American citizen's citizenship without his "assent," which means an intent to relinquish citizenship, whether the intent is expressed in words or is found as a fair inference from his conduct. The expatriating acts specified in § 349(a) cannot be treated as conclusive evidence of the indispensable voluntary assent of the citizen. The trier of fact must in the end conclude that the citizen not only voluntarily committed the expatriating act prescribed in the statute, but also intended to relinquish his citizenship. Cf. Afroyim v. Rusk, 387 U.S. 253, 87 S.Ct. 1660, 18 L.Ed.2d 757. Pp. 258-263.
2. However, the Constitution permits Congress to prescribe the standard of proof in expatriation proceedings. The specific evidentiary standard provided in § 349(c) is not invalid under either the Citizenship Clause of the Fourteenth Amendment or the Due Process Clause of the Fifth Amendment. Although the Due Process Clause imposes requirements of proof beyond a preponderance of the evidence in criminal and involuntary commitment contexts, nevertheless expatriation proceedings are civil in nature and do not threaten a loss of liberty, and thus Congress did not exceed its powers by requiring proof of an intentional expatriating act by only a preponderance of evidence. Pp. 264-267.

3. Nor is the presumption of voluntariness provided in § 349(c) constitutionally infirm. While the statute provides that any of the statutory expatriating acts, if proved, is presumed to have been committed voluntarily, it does not also direct a presumption that the act has been performed with the intent to relinquish United States citizenship, which matter remains the burden of the party claiming expatriation to prove by a preponderance of the evidence. Section 349(c) and its legislative history make clear that Congress preferred the ordinary rule that voluntariness of an act is presumed and that duress is an affirmative defense to be proved by the party asserting it, and to invalidate the rule here would give the Citizenship Clause far more scope in this context than the relevant circumstances that brought the Fourteenth Amendment into being would suggest appropriate. Pp. 267-270

[34] UK Parliament, Gurkhas: Terms and Conditions of Service, Standard Note: SN/IA/4671, Last updated: 12 June 2009, Page 4, The TPA clearly implies that the Gurkha soldier must be recruited as a Nepali citizen, must serve as a Nepali citizen, and must be resettled as a Nepali citizen. http://researchbriefings.files.parliament.uk/documents/SN04671/SN04671.pdf (Visited at 1635 on 13 June 2018)

बेलायतका यूनिभर्सिटीहरुमा पढ्ने शुल्कमा ठूलो भिन्नत हुन्छ । सेवानिबृत्त भएपछि पाउने भत्ता र सुविधामा पनि नेपाल बस्दा र बेलायत बस्दा फरक हुने भएपछि बेलायती नागरिकता ग्रहण गर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको हो ।

त्यसैले अन्य मुलुकको नागरिकता लिने ब्यक्तिले नेपालको नागरिकता परित्याग गर्ने मनसाय स्वत: लिएको भन्ने अनुमान गर्न मिल्दैन । उसको मनसाय नेपालको नागरिकता कायम राखिराख्ने नै भएको रुपमा बुझ्नु पर्छ । उसले नेपालको नागरिकता त्याग गर्न चाहेको अवस्थामा त्याग गर्ने प्रकृया पुरा गरेर छाड्न सक्छ । निवेदक गोविन्द बेल्वासेले बेलायतको नागरिकता लिने र नेपालको नागरिकता कायम नै राख्ने मनसाय राखेको अवस्थामा नेपाल नागरिकता ऐन २०६३को दफा १० संविधानको आधारभुत संरचना “कानुनको शासन”संग बाझिएको प्रष्ट छ ।

अत: नेपाल नागरिकता ऐन, २०६३ को दफा १० नेपालको संविधान २०७२ को प्रस्तावना, धारा २, १०,११(२), ४५ संग बाझिएकोले धारा १ तथा १३३ बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी अमान्य घोषित गरी पाउँन अनुरोध गर्दछौं ।

बहसनोट प्रस्तुतकर्ता

बरिष्ठ अधिवक्ता डा.चन्द्रकान्त ज्ञवाली

बरिष्ठ अधिवक्ता मातृका निरौला

ईति सम्वत २०७५ साल जेठ ३ गते रोज ... मा शुभम ......................................